# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, भाद्र ११ गते २०३० साल [ संख्या २०

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले त्रिभुवन विमान स्थलको उत्तर पश्चिम साइडमा ढल निर्माणको लागि वाग्मती अन्चल, काठमाडौं जिल्ला, सिनामंगल गाउँ पञ्चायत वार्ड नं. ८ (क) को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व ऐ वडाको सिमाना साँध, पश्चिम कि.नं.१६९ को पर्ति जग्गा साँध, उत्तर गोरेटो बाटो साँध, दक्षिण कि.नं.१८१,१८३,१८४,१८५ र १८६ को बाँकी जग्गा यति चार किल्लाभित्र पर्ने कि.नं.१८१ बाट १–४–२, कि.नं.१८३ बाट ०–३–०, कि.नं. १८४ बाट ०–६–०, कि.नं.१८५ बाट १–०–०, कि.नं.१८६ बाट ०–१२–२ को जम्मा मालपोत रू. ९।८६ (नौ रूपैयाँ छयासी पैसा) लाग्ने जम्मा जग्गा रोपनी ३--१०--० (तीन-रोपनी दश आना) को कित्ता ।

आज्ञाले--

रामचन्द्र मलहोत्र

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मांत्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।